# सिद्धार्थनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं:०७९/८० मिति:२०७९/१०/२९
चलानी नं.

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।**

रोजगारीको हकसम्बन्धी ऐन, २०७५, सो को नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संसोधन, २०७८ सहित) बमोजिम आगामी आर्थिक वर्ष २०८०/८१ मा सिद्धार्थनगर नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा आबद्ध हुन चाहाने सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित, सिमान्तकृत समुदाय तथा विपन्न बेरोजगार (१८ देखि ५९ वर्ष उमेर समुह) व्यक्तिहरुले २०७९ फागुन मसान्त भित्र आफू स्थायी बसोबास गरेको यस नगरपालिका भित्रको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजात:**

१. सिद्धार्थनगर नगरपालिकाभित्र स्थायी बसोबास देखिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । (निवेदकको नागरिकतामा स्थायी बसोबास सिद्धार्थनगर नगरपालिका नभएमा बसाईसराइ वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि)

२. पासपोर्ट साइजको फोटो १ प्रति ।

*[पुनश्चः बेरोजगार व्यक्तिहरुले अनुसूची १ बमोजिमको निवेदनमा उल्लेखित विवरणहरु (आफु लगायत परिवारका सम्पूर्ण व्यक्तिहरुको पारिवारिक विवरण, आय आम्दानी, अन्य पेशा व्यवशाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध भए नभएका आदि) यथार्थपरक र पूर्ण रुपमा अनिवार्य भर्नुपर्नेछ, यथार्थपुरक र पूर्ण रुपमा नभरेको निवेदन रोजगार सेवा केन्द्रले सूचीकृत गर्न बाध्य हुनेछैन, निवेदन दिंदा आवश्यक प्रमाणपत्रहरुको प्रतिलिपि सक्कल बमोजिम नक्कल सहि छ भनि निवेदक आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ, थप जानकारीका लागि सिद्धार्थनगर नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क राख्न सकिनेछ ]*

१०/२९

प्रमुख प्रशासकीय अधिकृत

नवराज पौडयाल
प्रमुख प्रशासकीय अधिकृत